"शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार र व्यापार; सुन्दर, समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपालिका

## Gaur Municipality

### नगर कार्यपालिकाको कार्यालय

### Office of the Municipal Executive

गौर, रौतहट
Gaur,Rautahat
मधेश प्रदेश, नेपाल
Madhesh province,Nepal

पत्र संख्या/Ref.No.:-२०७९/०८०
चलानी नं./Dispatch No.:-४६४

मितिः२०७९/०६/१३

**विषयःपूर्णखोपको सुनिश्चितता सम्वन्धमा।**

श्री लुम्विनी विकास बैंक लिमिटेड,गौर
श्री कृषि विकास बैंक लिमिटेड, गौर
श्री ग्लोबल आइ.एम.ई.बैंक लिमिटेड,गौर
श्री माछापुच्छ्रे बैंक लिमिटेड,गौर
श्री एन.आई.सि.एशिया बैंक लिमिटेड,गौर
श्री प्रभु बैंक लिमिटेड,गौर
श्री सनराइज बैंक लिमिटेड,गौर
श्री बैंक अफ काठमाण्डु लिमिटेड,गौर

उपर्युक्त विषयमा रौतहट जिल्लाको बालबालिकाहरु अत्यधिक संख्यामा कुपोषित रहेको कारण नेपाल सरकारले कुपोषण न्युनिकरणको लागि ५ वर्ष मुनिको सवै बालबालिकालाई मासिक बाल पोषण भत्ता वितरण गर्ने गरेको सर्व विदित छ ।

यसै क्रममा सवै बालबालिकाले १५ महिना सम्म विभिन्न चरणको खोप लगाउनु पर्नेमा आवश्यकता नबुझी अज्ञानताको कारण पूर्ण खोप नलगाउने तर बालपोषण भत्ता प्राप्त गरी रहने कारणले जिल्ला कुपोषण मुक्त हुन नसक्ने विषय स्वास्थ्य सम्बन्धि वार्षिक समिक्षा गोष्ठिमा प्रश्नवाचक चिन्हको रुपमा समस्या पहिचान हुन आएकोले यस नगरपालिकाको १५ महिना सम्मको सवै बालबालिकाले पूर्ण खोप लगाउने कार्यको शुनिश्चितता यस नगरपालिकाले गर्नु पर्ने दायित्व बोध लाई मनन् गर्दै बालपोषण भत्ता (दोस्रो त्रैमासिक,मिति २०७९ साल पौष महिना देखि) **बैंकले भुक्तानी दिदा २३ महिना सम्मको बालबालिकाको हकमा मात्र** वडा कार्यालयले समय अनुसार खोप लगाए, नलगाएको ? खोप कार्ड हेरी वडा कार्यालयको कर्मचारीको सही र कार्यालयको छाप लागेको टोकन पाएको लाभग्राहीलाई मात्र भुक्तानी दिने व्यवस्था मिलाई कुपोषण मुक्त नगरपालिका घोषणा कार्यमा सहयोग गरी कार्यक्रमलाई सफल बनाई दिन बालपोषण भत्ता वितरण गर्ने बैंकहरु संग निर्देशानुसार अनुरोध छ।

२०७९/६/१३
धीरेन्द्र कुमार लाल दास
कानुन अधिकृत

बोधार्थ एवं कार्यार्थ
श्री वडा कार्यालय,सवै गौर न.पा.टोकन प्रणाली लागू गर्नु हुन।
श्री गौर हेल्थ पोष्ट/शहरी स्वास्थ्य क्लिनिक/आधारभूत स्वास्थ्य केन्द्र,सवै गौर न.पा.।
(टोकन वितरण हुने दिन वडा कार्यालय संग समन्वय गरी सहजीकरण गर्नु हुन)
श्री स्वास्थ्य शाखा/सा.सु.तथा प.उपशाखा,गौर न.पा.समन्वय गरी कार्यक्रम सफल बनाउनु हुन।